# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

३० वैशाख २०७७

### नागरिकप्रतिको राज्यको दायित्व वहन गर्न सरकारलाई आग्रह ।

विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ का कारण २०७६ चैत्र ११ गतेदेखि देश लकडाउनको अवस्थामा रहेको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपालसँगको सहकार्यमा विभिन्न तहका समितिहरुमार्फत मानव अधिकारको अवस्था सम्बन्धमा देशव्यापी रुपमा अनुगमन गरिरहेको छ ।

अनुगमनका क्रममा छिमेकी राष्ट्र भारतमा रोजगारीका लागि गएका नेपाली नागरिकहरु भारतमा समेत लकडाउन भएपश्चात रोजगारी तथा गाँस बासको समस्या भई स्वदेश फर्किने क्रममा नेपाल भारत सीमानामा उनीहरुबाट कोभिड-१९ को संक्रमण हुनसक्ने भन्दै सुरक्षाकर्मीले स्वदेश प्रवेशमा रोक लगाएकोले वैकल्पिक बाटोबाट नेपाल प्रवेश गरेको तथा कतिपय नागरिकहरु सीमा नाकामा नै असुरक्षित रुपमा रहिरहेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । साथै, सीमा नाकामा आई क्वारेण्टाइनमा बसेकाहरु समेत विगत ६ हप्तादेखि सीमा नाकामा नै आलपत्र परेको अवस्था छ । यसरी वैकल्पिक बाटोबाट स्वदेश प्रवेश गरेका व्यक्तिको स्वास्थ्य परीक्षण नहुने तथा गाउँशहरमा लुकिछिपी रहने कारणबाट संक्रामक रोगको जोखिम बढ्ने सम्भावना देखिन्छ ।

सीमा क्षेत्रमा आई अलपत्र परेका नागरिकको असुरक्षित अवस्थाबाट नेपालको संविधानको धारा १६ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ द्वारा प्रदत्त स्वतन्त्रताको हक र धारा १८ द्वारा प्रदत्त समानताको हकको हनन हुनुका साथै नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को अतिरिक्त सम्मानित सर्वोच्च अदालतहको आदेश समेत प्रचलन हुन नसकेको देखिन्छ ।

अतः नेपाल-भारत सीमा नाकामा अलपत्र अवस्थामा रहेका नेपाली नागरिकहरुको तत्काल उद्धार गरी विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम क्वारेण्टाइन तथा आइसोलेशनमा राख्न तथा निजहरुको आवश्यक स्वास्थ्य परीक्षण गराउन र नेपालको संविधानको धारा ५२ बमोजिम आफ्ना नागरिकको मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गरी राज्यको दायित्व वहन गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

.......................

वेद भट्टराई

सचिव / प्रवक्ता